श्री

# सर्वोच्च अदालत

(आन्तरिक तथा जिल्ला प्रशासन शाखा)

रामशाहपथ, काठमाडौं
:४२००७२९, ४२००७२८
४२००७५०
फ्याक्स : ४२००७४९
पो.व.नं.२०४३८
Email: info@supremecourt.gov.np
admin@supremecourt.gov.np
Web: www.supremecourt.gov.np

पत्र संख्या : ०७८/०७९
प्राप्त पत्र संख्या र मिति :
च.नं. १२५८

मिति : २०७९।०१।०५

विषय : विवरण उपलब्ध गराइदिने सम्वन्धमा।

श्री उच्च अदालतहरू सबै।
श्री इजलासहरू सबै।
श्री अस्थायी इजलास सबै।
श्री विशेष अदालत।
श्री जिल्ला अदालत सबै।

उपरोक्त सम्बन्धमा यस अदालको च.नं. १००५ मिति २०७८।११।२२ को पत्रको सन्दर्भमा लेखिँदैछ।

सो सम्वन्धमा कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का नियन्त्रण र जफत) ऐन, २०७० को दफा १४ र कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का नियन्त्रण र जफत) नियमावली, २०७७ को नियम १४ मा भएको व्यवस्थावमोजिम कसूरको अनुसन्धानमा रोक्का राखिएको वा नियन्त्रणमा लिइएको सम्पत्ति वा साधन, दफा १७ बमोजिम अदालतवाट जफत हुने ठहरिएको सम्पत्ति वा साधन, दफा २१ को उपदफा १ मा भएको व्यवस्था र उपदफा २ मा भएको व्यवस्थाबमोजिम तहाँ अदालत र मातहतका उच्च अदालत, विशेष अदालत र जिल्ला अदालतमा रहेका कसूरजन्य सम्पत्ति तथा साधनहरूको अभिलेख, फैसलाको पूर्णपाठको छायाँ प्रति र अन्य तत्सम्वन्धी कागजातहरू कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागमा उपलब्ध गराइदिनु हुन भनी उक्त विभागबाट माग भई आएवमोजिम परिपत्र भएकोमा ऐ. नियमावलीको नियम २ (ग) मा त्यस्ता साधनहरुको व्यवस्थापन काठमाडौं, भक्तपुर तथा ललितपुर जिल्लाहरुको हकमा क्रसूरजन्य सम्पत्ति व्यवस्थापन विभागबाट र अन्य जिल्ला अदालतहरुको हकमा सम्वन्धित जिल्ला प्रशासन कार्यालयवाटै हुने व्यवस्था भएवमोजिम अव उप्रान्त त्यस्ता विवरण काठमाडौं, भक्तपुर र ललितपुर बाहेक उपत्यका वाहिरका जिल्ला अदालतहरुको हकमा सम्वन्धित जिल्ला प्रशासन कार्यालयमा नै पठाउने व्यवस्था हुन मिति २०७९।०१।०४ को आदेशानुसार अनुरोध गर्दछु।

२०७९।०१।०५
राजकुमार गुरुङ
शाखा अधिकृत

बोधार्थः
श्री कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग, सिंहदरवार, काठमाडौं।
श्री फैसला कार्यान्वयन निर्देशनालय।